*Unity Journal*
Vol.5, 411-422, Feb 2024
https://doi.org/10.3126/unityj.v5i1.63197
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 14 Nov 2023*
*Accepted: 16 Jan 2024*

# शैक्षिक उन्नयनमा नेपाली सेनाको योगदान

**अस्वस्थामा भक्त खरेल***

**लेखसार**

हातहतियार, बन्दुक, वम-गोला, बारुद चलाउने नेपाली सेनाले शैक्षिक उन्नयनमा देखिने गरी योजना र कार्यक्रमहरु सञ्चालन गरेको देखिन्छ । सैनिक सकलदर्जाका सन्ततिलाई मात्र नभएर सर्वसाधारणहरुका लागि समेत सेनाले सर्वसुलभ र गुणस्तरीय शैक्षिक कार्यक्रमहरु अघि सारेको छ । शैक्षिक प्रतिष्ठानहरुमा प्रतिस्पर्धाका आधारमा ढोका खोल्नुले सेनाको भूमिकाबारे राष्ट्र र विश्व जगतमा यसको प्रशंसा हुने गरेको छ । यद्यपि सेनाले व्यापार गर्नुहुदैन र शैक्षिक क्षेत्रमा समेत हात हाल्नुहुदैन भन्ने मतलाई मध्यनजर गर्ने हो भने शैक्षिक उन्नयनका लागि सेनाको भूमिका कल्याणकारी कार्यक्रमकै रुपमा हेर्नुपर्ने हुन्छ । प्राथमिक तहदेखि उच्च शिक्षा तहसम्म र प्राविधिक तथा अप्राविधिक विषयहरुमा नेपाली सेनाले सैनिक कल्याणकारी कोषमार्फत सहुलियत शुल्कमा गुणस्तरीय शिक्षा दिइरहेको र राज्यभर विस्तारित क्रममा रहनु गर्वको कुरा हो । राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनको क्रममा रहनुले पनि शैक्षिक क्षेत्रमा सेनाको योगदान कम हाक्न मिल्दैन । सेनाको यो अतुलनीय विशुद्ध गैरराजनीतिक र गैरव्यापारिक सेवाभाव हो भन्ने देखिन्छ । सैनिक र नागरिक बीचको सम्बन्ध जोड्ने बलियो पुलको रुपमा शिक्षा क्षेत्र रहेको छ । नेपालको शैक्षिक उन्नयनमा नेपाली सेनाले निर्वाह गरेको भूमिका के के हुन सक्छन् ? र यस क्रममा देखा परेका समस्या एवं चुनौतीहरु के के हुन् ? भन्ने अनुसन्धान प्रश्नमा आधारित भएर लेख तयार गरिएको छ । यो लेख वर्णनात्मक, विश्लेषणात्मक र मूलतः द्वितीय स्रोतमा आधारित भएर सम्पन्न गरिएको छ । अनुसन्धानलाई पूर्णता दिन विद्वान लेखकहरुका पुस्तक, सरकारी एवं गैरसरकारी प्रतिवदेन, बुलेटिन, शब्दकोष, वेबलिङ्कहरु तथा विद्यमान कानुन, नीति, रणनीति, योजना र कार्यक्रमहरुको सहयोग लिइएको छ ।

**शब्दकुञ्जीः** प्राविधिक शिक्षा, गुणस्तरीय शिक्षा, कल्याणकारी कार्यक्रम, शैक्षिक उन्नयन, गैर राजनीतिक

## विषय प्रवेश

कुनै भाषा, विषय वा कला सिक्ने वा सिकाउने काम वा क्रिया शिक्षा हो । गुरुद्वारा विद्या सिक्नु, कुनै पनि विषयको उपदेश वा सल्लाह लिनु शिक्षा हो । वैदिक शिक्षाग्रन्थ मध्ये ऋग्वेदको पाणिनीय शिक्षा, कृष्ण यजुर्वेदको व्यासशिक्षा, शुक्ल यजुर्वेदको याज्ञवल्क्य शिक्षा, सामवेदको गौतमी, लोमशी, नारदीय शिक्षा र अथर्ववेदको माण्डूकी शिक्षाग्रन्थ उपलब्ध छ (पाण्डेय, २०५७, पृ.१२७७) । राम्रो शिक्षा र तालिमले विद्यार्थीहरुलाई सक्षम मात्रै होइन, अनुशासित र जिम्मेवारी बनाउँछ । साथै नेतृत्वको विकास पनि गराउँछ । शिक्षाले नै कल्याणकारी सोचको अवधारणा पनि

* Assistant Professor, Ratna Rajyalaxmi Campus
Email ID : aswasthama.kharel@gmail.com

ल्याउँछ । "अष्टादश पुराणेषु व्यासस्य बचन द्वयम् । परोपकार पुण्याय पापाय परपीडनम्" (नरहरिनाथ, २०४९, पृ.२२१) । अठार पुराण वाचनपछि व्यासले त्यस्को सारमा परोपकार पुण्य हो भने अरुलाई पीडा दिनु पाप हो भनेका छन् । यसबाट के बुझिन्छ भने शिक्षाले कल्याणकारी भावना जागृत गराउँछ । शिक्षाले व्यक्तित्व विकास गराउने मात्र होइन, अधिकारका लागि वकालत गर्न सिकाउँछ । यही सिकाईले बाल अधिकारका कुराहरु आउने गरेका छन् (गोरखापत्र, २०७०, पृ.१) । ऋग्वेद ५।२८।१ सूक्तमा स्त्रीहरुको यज्ञमा पूर्ण अधिकार हुने (प्रपन्नाचार्य, २०५७, पृ.१३७) उल्लेख गरेको देखिंदा वैदिककालमा शिक्षाको स्तर असाधारण थियो भन्ने झल्को दिन्छ ।

नेपालमा अझै पनि सबैका लागि गुणस्तरीय शिक्षाको सहज पहुँच सुनिश्चित हुन सकेको छैन । कतिपय समुदायका बालबालिकाको विद्यालय शिक्षामा पहुँचको स्थिति कमजोर नै छ । कठिन अवस्थामा रहेका सीमान्तकृत समुदाय, दलित तथा अल्पसंख्यक समुदायका बालबालिका अझै पनि पूर्णतः विद्यालय शिक्षाको मूलधारमा समाहित भइसकेका छैनन् । शिक्षा क्षेत्र मानवविकास मापनको प्रमुख आधार हो । युएनडीपीले प्रकाशित गरेको सन् २०२१/२२ को मानव विकास प्रतिवेदनले नेपालको स्तर निकै खस्केको देखाएको छ । शिक्षा, स्वास्थ्य, खेलुकद महिला तथा बालबालिका, सामाजिक सुरक्षा, खानेपानी तथा सरसफाइ लगायतका क्षेत्रहरुको अवस्थाबाट सामाजिक विकासको मापन हुने गरेको छ । मानव विकासको अवधारणाले अर्थतन्त्रको सम्पन्नता भन्दा अझ बढी मानव जीवनको खुशी र सम्पन्नतामा जोड दिन्छ । नेपाल मानव विकास सूचकाङ्क ०.६०२ का साथ १४३ औं स्थानमा छ (UNDP, 2022) ।

नेपालले प्रतिवद्धता जनाइसकेको सन् २०३० सम्ममा हासिल गरिसक्नुपर्ने गरी तय भएका दिगो विकासको लक्ष्य अनुरुप सबैलाई गुणस्तरीय शिक्षा दिन सामाजिक क्षेत्रमा गरिने लगानीलाई बढाउँदै जानुपर्ने हुन्छ (अर्थ मन्त्रालय, २०७४, पृ.२२७) । राज्यका लागि शिक्षा नै धन हो । यसले देशभक्त चेतनशील, प्रगतिशील, अनुशासित, उत्पादक र दक्ष जनशक्ति उत्पादन गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ । आर्थिक, सामाजिक, सांस्कृतिक राजनीतिक विकास जस्तो बहुआयामिक विकास जनचेतनामा भर पर्छ । जनचेतना शिक्षाको राम्रो स्तरमा भर पर्ने हुन्छ । पर्याप्त विद्यालय, उच्च अनुसन्धान, राम्रो पारिश्रमिक तथा राम्रो वातावरणबाट उच्च स्तरको शिक्षा पाइन्छ । यसैबाट दिगो विकास र समाजमा मानवअधिकारको उच्च सम्मान गर्ने प्रविधिको विकास हुन्छ । बाँच र बाँच्न देऊ भन्ने भावना गर्ने र लोकतन्त्रको मूल्य, मान्यताको ज्ञानको वृद्धि हुन्छ । शिक्षाले सम्मान गर्ने र सुरक्षा गर्ने कार्यलाई मानवको मर्यादालाई कार्य गर्न सघाउँछ । स्वतन्त्र समाज प्रभावकारी सहमतिमा सम्पूर्ण राष्ट्र तथा जाति, समाजिक तथा धार्मिक समूहबीच समझदारी सहनशीलता तथा मित्रता कायम गर्ने कार्यमा समेत शिक्षाले सम्पूर्ण व्यक्तिलाई सक्षम र सवल बनाउँछ (सौर्य, २०७४) ।

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको नयाँ युगमा मुलुकको प्रजातन्त्र, शान्ति, मानव अधिकार र विकासलाई आधार बनाएर राष्ट्रनिर्माणको नयाँ गन्तव्य पहिल्याउनुपर्छ । त्यसका लागि प्राप्त हुने सबै अवसर र चुनौतीको सामना गर्ने सकुशल नेतृत्वको निर्माण शिक्षाले नै गर्छ । उन्नत, वैज्ञानिक र देशको वस्तुगत परिस्थिति अनुकूल निर्माण हुने शिक्षा नीतिले मात्र नेपाली समाजको सामाजिक, आर्थिक शैक्षिक र सांस्कृतिक रूपान्तरण गर्न सक्छ, जसले गर्दा समाजले सुख शान्ति र समृद्धि प्राप्त गर्छ (अधिकारी, २०७४) । नेपालमा विद्यालय शिक्षालाई प्राविधिक, सीपमूलक र व्यवसायिकतर्फ लैजानुपर्ने देखिन्छ । योग्य र मुलुकप्रति सचेत नागरिकका लागि विद्यालय कक्षादेखि नै नागरिक शिक्षाको पाठ्यक्रम सुरु गर्नुपर्ने देखिएको छ (कारोवार, २०७४) ।

## पूर्व साहित्य समीक्षा

नेपालको औपचारिक शिक्षा प्रणाली अन्तर्गत विद्यालय शिक्षा तथा उच्च शिक्षा पर्दछन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमका प्रारम्भिक चरणसम्म विद्यालय शिक्षाभित्र प्रारम्भिक बाल शिक्षा र विकास/पूर्व प्राथमिक शिक्षा, प्राथमिक शिक्षा र माध्यमिक शिक्षा रहेका थिए । तथापि विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा १-८ को आधारभूत

शिक्षा र कक्षा ९-१२ को माध्यमिक शिक्षा रहने गरी १२ वर्षे औपचारिक विद्यालय शिक्षाको नयाँ स्वरूप लागू गरेको छ । आधारभूत शिक्षा भन्नाले एक वर्षको प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षासहित कक्षा ८ सम्मको शिक्षा तथा माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि १२ सम्मको शिक्षालाई जनाउँछ । उच्च शिक्षामा ३ देखि ४ वर्षे स्नातक तह र २ वर्षे स्नातकोत्तर तहको शिक्षा प्रदान गरिन्छ । कतिपय विश्वविद्यालयहरूले पोस्ट ग्राजुएट डिप्लोमा तथा एम.फिलका कार्यक्रम पनि सञ्चालन गर्ने गरेका छन् । विश्वविद्यालयहरूबाट प्रदान गरिने उच्चतम तहको डिग्री विद्यावारिधि हो । माध्यमिक तहमा विद्यार्थीहरूलाई सीप विकासका लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गरिएको छ । विद्यालय क्षेत्र विकास योजनाले माध्यमिक तहको कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषयहरूको शिक्षण-सिकाइलाई सुदृढ गरेर लैजाने लक्ष्य लिएको छ (शिक्षा मन्त्रालय, २०७३, पृ.७) । शिक्षा ऐन (आठौं संशोधन), २०७३ ले कक्षा ९ देखि १२ लाई माध्यमिक शिक्षाको रुपमा संरचना परिवर्तन गरेपछि साविकको उच्च माध्यमिक शिक्षा ऐन, २०४६ खारेज भई कक्षा ११ र १२ लाई माध्यमिक तहभित्र समाहित गरिएको छ (अर्थ मन्त्रालय, २०७४, पृ.३०५) ।

नेपालमा परम्परागत हिन्दु वैदिक शिक्षाको लामो इतिहास थियो । बौद्ध धर्म दर्शनको प्रारम्भ भएपछि विहार, गुम्बा र बौद्ध शिक्षा केन्द्रहरुमा बौद्ध धर्म दर्शनमा आधारित शिक्षा र हिन्दु, वैदिक शिक्षा अन्तर्गत विशेषतः गुरुकूल शिक्षा प्रणाली प्रचलनमा आए (थपलिया, २०७३, पृ.६) । सातौं शताब्दीदेखि हिमालय वारिपारीका बाटाहरु खुलेकाले नेपालको महत्व शैक्षिक धरातलमा पनि विशेष रुपले बढ्न गयो (शिक्षा मन्त्रालय, २०१८, पृ.६) । नेपालका विहारहरु मध्यकालसम्म वस्तुतः शिक्षापीठ नै थिए । प्राचीन आर्यहरुको ऋषिकूल परम्परा अन्यत्र समाप्त भए तापनि नेपालका धेरै ठाउँमा सुरक्षित थियो । झन् इश्वी चौधौं शताब्दीमा मुसलमानहरुले विक्रमशीला ध्वस्त गरेदेखि नै नेपालको ख्याति विशेष गरी शिक्षाको निमित्त अन्तर्राष्ट्रिय जगतमा झन् बढ्न गयो (शिक्षा मन्त्रालय, २०१८, पृ.७) । शिक्षालाई जीवनको अनिवार्य आवश्यकता मानिएकाले मानव इतिहासका विभिन्न चरणमा यसबारे विचार हुँदै आएको छ । समय समयमा शिक्षाको विषय र माध्यमको छनोटमा फेरबदल भएको छ । उद्देश्य र नीतिमा पुनर्बिचार गरिएको छ र पद्धति तथा प्रक्रियाहरुमा परिवर्तन गरिएको छ । नेपालमा लामो समयसम्म परम्परागत शिक्षा प्रणालीको प्रचलनपछि राणाकालमा आधुनिक शिक्षा पद्धतिको प्रारम्भ भएको हो । शिक्षाको योजनाका निम्ति वि.सं. २००४ सालतिर प्रारम्भिक चेष्टाहरु देखा परेका हुन् । तर वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनापछि मात्र राष्ट्रिय शिक्षाको विकासका लागि योजनावद्ध प्रयास हुन थालेको पाइन्छ (राष्ट्रिय शिक्षा आयोग, २०४९, पृ.५) ।

वि.सं. २००७ सम्म अति न्यून संख्यामा विद्यालयहरू रहेका र तिनमा पनि सम्भ्रान्त परिवारका बालबालिकालाई मात्र पहुँच भएको परिप्रेक्ष्यमा नेपालको वर्तमान औपचारिक शिक्षा प्रणाली तुलनात्मक रूपले नयाँ हो । नेपाल राष्ट्रिय शिक्षा आयोग, २०११ र राष्ट्रिय शिक्षा पद्धतिको योजना, २०२८ पछि मात्र नेपालमा विद्यालय शिक्षाको योजनाबद्ध विकास शुरू भएको हो । यसरी हेर्दा नेपालको सार्वजनिक शिक्षाको इतिहास ६ दशक पुरानो छ । यस छोटो अवधिमा मुलुकभित्र विद्यालय संख्या तथा विद्यार्थीको भर्ना दरमा उल्लेखनीय प्रगति भएको छ । यो प्रगति हुनुमा मुलुकमा भएका राजनीतिक सुधार तथा पुनर्संरचना र सामाजिक-जनसाङ्ख्यिक एवम् सांस्कृतिक विविधताको महत्त्वपूर्ण भूमिका रहेको छ (शिक्षा मन्त्रालय, २०७३, पृ.३) । वि.सं. २०४६ को राजनीतिक परिवर्तन पश्चात् नेपालमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्र शुरू भयो । वि.सं. २०५२ साल फागुन १ गतेबाट शुरू भएको एक दशक लामो सशस्त्र द्वन्द्व सरकार र माओवादीबीच भएको बृहत् शान्ति सम्झौता मार्फत अन्त्य भयो । २०६३ साल माघ १ गतेबाट नेपालको अन्तरिम संविधान लागू भयो । पहिलो संविधानसभाको वि.सं. २०६५ साल जेठ १५ गते बसेको पहिलो बैठकले मुलुकमा राजतन्त्रको समाप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा गऱ्यो । तत्पश्चात् दोस्रो संविधानसभाले निर्माण गरेको नेपालको संविधान, २०७२ राष्ट्रपतिबाट असोज ३ गते

घोषणा भई लागू भयो । यस संविधानले “प्रत्येक नागरिकलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ” भन्ने व्यवस्था गरी शिक्षा प्राप्तिलाई नागरिकको मौलिक हकका रूपमा स्वीकारेको छ (शिक्षा मन्त्रालय, २०७३, पृ.४) ।

नेपाल राष्ट्रिय शिक्षा आयोग, २००९ को शैक्षिक सल्लाहकार भएर सेवा गर्न आउनुभएका संयुक्त राज्य अमेरिकास्थित ओरेगन विश्वविद्यालयका शिक्षाका प्रा.डा. ह्यूग बी. उडले वि.सं. २०१० को अन्त्यतिर शिक्षा मन्त्रालयका सदस्यहरुका साथ सभाहरुमा भएका परामर्शहरुको संक्षिप्त विवरण दिंदै निम्न पाच कुरामा मतैक्य रहेको बताउनुभएको थियो (पाण्डे, २०११, पृ.४) ।

१. प्रजातन्त्रको निम्ति शिक्षा आवश्यक छ ।

२. तोकिएको मुलुकमा लागू गर्ने शिक्षापद्धति त्यहाँको संस्कृति र आवश्यकता उपर निर्भर गर्दछ ।

३. शैक्षिक योजनाको विकासका निम्ति सामाजिक र व्यक्तिगत आवश्यकताहरुको जाँच गर्नुपर्दछ ।

४. शैक्षिक पद्धतिको मुख्य जग शिक्षक हो र यिनीहरुको सामान्य अभिप्राय, सामान्य ढंग र सामान्य तालिममा सचेत हुनुपर्छ ।

५. सबभन्दा पहिले शिक्षापद्धतिले जीवनको हरेक मार्गमा नेतृत्व गर्ने शिक्षा दिन सक्नुपर्छ ।

पहिले विद्यालयमा पठनपाठन हुने नैतिक शिक्षा र संस्कृत पुस्तकहरूमा छोराछोरीको बाबुआमाप्रतिको कर्तव्य, विद्यार्थीहरूको गुरु वा गुरुआमाप्रतिको सम्मान, असल नागरिकको देशप्रतिको जवाफदेही आदि समाविष्ट हुन्थे । असल बच्चा कस्तो हुन्छ, चरित्रवान् विद्यार्थीको भविष्य कस्तो हुन्छ, धार्मिक व्यक्तित्वको समाजमा कस्तो मान्यता हुन्छ आदि जानकारी बाल्यकालमै प्राप्त हुन्थ्यो । छोरा भनेको श्रवणकुमार जस्तो हुनुपर्दछ, छोरी सीता वा भृकुटी जस्ता असल नारी हुनु पर्दछ, समाजका लागि आˆनै हाड घोटेर हतियार बनाउन सक्ने दधिची जस्तो असल नागरिक बन्नु पर्दछ भन्ने कुराहरू हामीले ठूलो भएपछि पढ्नु परेन । मातृ देवो भवः, पितृ देवो भवः, आचार्य देवो भवः अर्थात् आमा, बाबु, गुरु भनेका देवता समान हन्, यिनको सम्मान गर्नु पर्दछ भन्ने पाठहरू विद्यालयस्तरमा पढाइन्थ्यो । पुराना पाठ्यक्रमहरू हेर्ने हो भने “यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता” अर्थात् जहाँ नारीको सम्मान हुन्छ, त्यहाँ देवताहरू रमाउँछन् भन्ने जस्ता कुराहरूको ज्ञान दिएको पाइन्छ । जे कुराले बालबालिकालाई असल बनाउँछ, त्यही नै पढाइन्थ्यो । नयाँ युगमा प्रवेश गरेको नाममा संस्कृत ग्रन्थहरूबाट प्राप्त हुन सक्ने ज्ञान र हाम्रा परम्परागत चालचलनबाट आएका नैतिक मूल्यमान्यताहरूलाई अन्धविश्वास र जडसूत्रवादी नाम दिँदै ती सामग्रीहरू विद्यालयबाट हटाइए । नेपालको शिक्षामा नैतिक शिक्षाको अभाव छ । शिक्षा नीति तर्जुमा गर्ने स्थानमा बसेकाहरू यस कुरामा शीघ्रातिशीघ्र संवेदनशील हुनै पर्दछ । अन्यथा कागती रोपेर सुन्तलाको अपेक्षा गर्न पनि सकिदैन (अधिकारी, २०७४) ।

मानिसको व्यक्तित्व विकास तथा जीवनको तयारी शिक्षाले गर्दछ । यसका अतिरिक्त शिक्षाले नै सामाजिक तथा आर्थिक विकासको पनि काम गर्दछ । आजको आवश्यकता भनेको बालबालिकाहरुलाई विद्यालयमा पुऱ्याउनु मात्र होइन, सबै विद्यालयहरुलाई बालबालिकाको इच्छा अनुसार उपयुक्त शिक्षाको व्यवस्थापन गर्न सक्ने बनाउनु पनि हो । यसैकारण मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुले समेत शैक्षिक अधिकारलाई सुनिश्चित गरेका छन् । संविधान तथा राष्ट्रिय कानुनहरुले समेत शिक्षा जीवनको अङ्ग भएको स्वीकारेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको जनशक्ति बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवं उत्पादनशील जनशक्ति विकास र सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चितताका लागि विभिन्न कानुनी व्यवस्था गरिएका छन् ।

**अनुसन्धान प्रश्न**

अध्ययन सम्पन्न गर्नका लागि निम्न अनुसन्धान प्रश्न समाविष्ट गरिएको छः

(क) नेपालको शैक्षिक उन्नयनमा नेपाली सेनाले निर्वाह गरेको भूमिका के के हुन सक्छन् ?

(ख) यसक्रममा देखा परेका समस्या एवं चुनौतीहरु के के हुन् ?

**अध्ययन विधि**

यस अध्ययनलाई गुणात्मक र अन्वेषणात्मक अनुसन्धान विधिमा आधारित रहेर तयार गरिएको छ। तथ्याङ्क सङ्कलनका क्रममा द्वितीय स्रोतका सामग्री प्रयोग गरिएको र यसलाई पूर्णता दिनका लागि विद्वान् लेखकहरुका पुस्तक, सरकारी गैरसरकारी निकायका प्रतिवेदन, समाचारका विषयवस्तु, लेखरचना, बुलेटिन, शब्दकोष, वेबलिङ्कहरु तथा विद्यमान कानुन, नीति, रणनीति, योजना र कार्यक्रमहरुको सहयोग लिइएको छ। साथै, अनुसन्धान समस्यासँग सम्बन्धित प्रकाशनहरुलाई समेत यस अध्ययनले समेटेको छ। नेपालमा शिक्षाको विकाससँगै यस क्षेत्रमा नेपाली सेनाले पुऱ्याएको योगदानबारे विश्लेषणात्मक र व्याख्यात्मक रुपमा अध्ययन गरिएको छ।

**छलफल र विश्लेषण**

"विद्या धनम् सर्व धनम् प्रधानम्," "विद्या ददाति विनयम्" अर्थात् विद्या सबै धनहरुमा प्रधान छ, विद्याले विनय दिन्छ। विद्या न चोरले चोर्न सक्छ, न त राज्य व्यवस्थाले नै हर्न सक्छ। न त भाइअंश लाग्छ, न त भागबण्डा गर्नुपर्छ। शिक्षा जीवनको ज्योति हो। नेपाली सेनाले आफ्ना सकलदर्जाका व्यक्तिहरुका निम्ति तह अनुसारको शिक्षा प्रदान गर्दै आएको छ। अप्राविधिक र प्राविधिक शिक्षामा उच्च प्राथमिकताका साथ अघि बढेको नेपाली सेना लडाकू जत्था मात्र नभएर शिक्षाको केन्द्रको रुपमा पनि अघि बढेको छ। प्राथमिक तहदेखि उच्च तहसम्म सेनाले सैनिक कल्याणकारी कोष योजना मार्फत गुणस्तरीय शिक्षामा जोड दिंदै आएको छ। फौजभित्र र नागरिकका सन्ततिहरुलाई शिक्षाका निम्ति सेनाले ढोका खोलेको छ। यो सेनाको विशुद्ध सेवामुखी कार्य हो भन्दा कत्ति पनि अत्युक्ति हुनेछैन। नेपाली सेना आधुनिक युगमा प्रवेश गरिरहेको छ। सेनाले शिक्षाको क्षेत्रमा सेना र तिनका आश्रित परिवारका लागि मात्रै नभएर आम जनतालाई पनि आकर्षित गरेको छ। बदलिंदो परिस्थिति र जनचाहना अनुसार सेनाले आफ्ना शैक्षिक प्रतिष्ठानहरु देशभर विस्तार गर्दैछ। राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय सञ्चालनको काम अन्तिम चरणमा पुगेको छ। देशभक्त जुझारु जनशक्ति उत्पादन गर्ने दिशामा अघि बढिरहेको नेपाली सेनाले नितान्त आफ्नै कल्याणकारी कोषबाट शैक्षिक कार्यक्रमहरुमा खर्चको व्यवस्थापन गरेको देखिन्छ। सरकारले पनि अनुदान दिएको खण्डमा सेनाका शैक्षिक कार्यक्रमहरु अझ विस्तारित भएर जानेछ। शिक्षाको ज्योति चन्द्रसूर्य जस्तै अटल र अमर हुन्छ, जो कहिल्यै अस्ताउँदैन। नेपाली सेनाले शिक्षाको ज्योति फैलाउन खोजिरहेको छ।

नेपाली सेनाले आफ्नो जन्मकालदेखि नै सबै जातजातिलाई समान अवसर दिएर समेटेको छ। नेपाली सेनामा छुवाछूतको भेद छैन। दलित र मुस्लिमहरु पनि सेनामा छन्। लिङ्गभेद पनि नेपाली सेनाले गरेको छैन। महिलाहरु पनि सेनाको अग्रपङ्तिमा आउन थालेका छन्। शिक्षाको कारण नै यस्तो जागृति फैलिएको हो। नेपाली सेना देशभक्त अनुशासित फौज हो। संसारकै साहसिक शूर वीर जमात हो। पहिले पुर्ख्यौली शिक्षाले शूर वीर बनाएको थियो भने आधुनिक शिक्षा र नयाँ प्रविधिको मिश्रणले सेनालाई अरु जब्बर बनाउँदै लगेको छ। नेपाली सेना गोली गठ्ठा तथा हातहतियार निर्माण गर्नसक्ने भएको छ। भोलिका दिनमा नयाँ-नयाँ आविष्कारहरु तिनै सेनाले गर्नेछन्। नेपाली सेनाले सञ्चालन गर्न लागेको देशभरका महाविद्यालयहरुमा प्राविधिक शिक्षातर्फ कृषि, स्वास्थ्य, सिकर्मी, डकर्मी र अन्य औजार बनाउने सीप, जेटिए, अमिनको पढाई र प्रयोगात्मक अभ्यास गर्न सकियो भने झनै प्रभावकारी हुनेछ। प्राविधिक जनशक्तिहरु उत्पादन हुँदा विकास निर्माणले थप गति लिन सक्छ। विकास निर्माणको खर्च अहिले लाग्ने होइन, आवश्यकताअनुसार पछि आफैं जुट्नेछ। विषय अनुसारको शिक्षक/शिक्षिका

चाहिने हुनाले तत्काल खर्चिलो जस्तो देखिएपनि त्यो खर्च विद्यार्थीको शिक्षण शुल्कबाट असुली गर्न सकिन्छ । नाफा खाने उद्देश्य नहुँदा अभिभावकहरुलाई तुलनात्मक रुपमा शुल्क सुलभ नै हुन जान्छ । यसका लागि सेनाले भौतिक पूर्वाधारहरु तयार गर्नुपर्ने हुन्छ । सरकारको अनुदान र कल्याणकारी कोषबाट भौतिक पूर्वाधारको विकास गर्न सकिन्छ । यसो भयो भने प्राविधिक शिक्षामा जनताको विश्वास हुने र गुणस्तर समेत अभिवृद्धि हुन्छ । देशमा नमुना शिक्षाको नयाँ जग बसाउने काम सैनिक शैक्षिक प्रतिष्ठानहरुबाट नै हुने देखिन्छ ।

राष्ट्रिय सेवा दलबाट सञ्चालित तालिम प्रत्येक माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई अनिवार्य दिने व्यवस्था गर्नुपर्दछ । कक्षा ११ र १२ का छात्रछात्राहरुका लागि एउटा कक्षा सञ्चालन गरी अवकाशप्राप्त सैनिक सकलदर्जालाई करारका रुपमा ओस्ताज राख्नुपर्दछ । यस कार्यमा गाउँ तथा नगरपालिकाहरुले सघाउनुपर्दछ । सेवा दललाई सेनाको भ्रातृ संगठनको रुपमा विकास गर्दै लैजानु पर्दछ । यो विशुद्ध राष्ट्रिय सेवाभावले ओतप्रोत हुनुपर्दछ । शिक्षाविना देशको समृद्धि, विकास र रुपान्तरण हुँदैन । यसैले प्राविधिक शिक्षामा सरकारले जोड दिई लगानी गर्नुपर्दछ । यस्तो लगानी उत्पादनशीलताको लागि सार्थक हुन्छ । लगानी खेर जाँदैन, राम्रो प्रतिफल दिन्छ । यस्तो उत्पादन प्रत्येक गाउँ- गाउँमा खपत हुन्छन् । प्राविधिक शिक्षा पाएपछि विदेशमा पनि उनीहरु खपत हुन्छन् । राम्रो काम र तलब सुविधा प्राप्त गर्दछन् । रेमिट्यान्स पनि बढ्छ । पासिङ् आउटमा वा क्याम्प फायरहरुमा सेनाको उपस्थिति गराइनुपर्दछ । राष्ट्रनिर्माणका लागि औपचारिक, अनौपचारिक र एन्सीसी शिक्षा महत्त्वपूर्ण हुनेछ ।

सैनिक कल्याणकारी कोषले देशका नौ क्षेत्रमा ९ वटा महाविद्यालयहरु स्थापना गरेर सैनिक तथा गैरसैनिक परिवारलाई शिक्षा प्रदान गर्दै आएको छ । काठमाडौं केन्द्रित शैक्षिक सुविधालाई देशव्यापी रुपमा विस्तार गरिएको देखिन्छ । पोखरा, धरान, सुर्खेत, धनगढी, चितवन, बर्दिबासमा सैनिक अवासीय महाविद्यालयहरु सञ्चालन भैरहेका छन् (सिपाही, २०७४, पृ.१०६) । नेपाली सेनाले प्रादेशिक अस्पतालहरुको सुविधा विस्तार गर्नुका साथै वीरेन्द्र अस्पताल छाउनीमा क्षमता थपेको छ । बिराटनगरमा विराट मेडिकल कलेजसँग वि.सं. २०७६ मा सहमति गरी अन्य क्षेत्रहरुमा सेवा विस्तार गर्दै लैजाने नीति सेनाले लिएको छ । त्यस्का अतिरिक्त नेपालगञ्ज, बर्दिबास, धनगढी, पोखरा, इटहरीमा पनि सैनिक अस्पतालहरुको विस्तार हुँदै गएको छ । यसबाट बहालवाला र भूतपूर्व सेनाका परिवारहरुलाई सहजता भएको छ । त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा नेपाली सेनाले सञ्चालन गरेको मेडिकल कलेजकै कारण अस्पतालहरुको पहुँच देशभर विस्तार हुँदै गएको देखिन्छ । यस्तो शिक्षा सतहत्तरै जिल्लामा पुऱ्याउनु पर्दछ । गैरसैनिक परिवारका विद्यार्थीहरुको भर्ना कम्तीमा पचास प्रतिशत पुऱ्याउन सकेको खण्डमा नागरिकसँगको सम्बन्ध थप कसिलो हुन जान्छ । गैरसैनिक विद्यार्थीसँग असुल गरिने शिक्षण शुल्क सैनिक परिवारका छात्रछात्राभन्दा बढी हुने हुनाले शैक्षिक प्रतिष्ठान सञ्चालनका लागि आर्थिक पक्षमा मद्दत पनि पुग्नेछ ।

नेपाली सेनाले वि.सं. २०७७ का लागि २०३ वटा विद्यालयहरुसँग सम्झौता गरी ७० जिल्लामा सैनिक विद्यालयहरु सञ्चालन गर्ने लक्ष्य प्रशंसनीय छ । सेना सबैको साझा हो भन्ने मान्यतालाई मूर्तरुप दिंदै कोही काखा र कोही पाखा पार्ने कार्य कस्तै कठिन परिस्थितिमा पनि गर्नु हुँदैन । अवकाशप्राप्त वा बहालवाला सैनिक परिवारका छात्रछात्राहरुका लागि उच्च शिक्षामा कानुन, चार्टर्ड एकाउण्टेण्ट अध्ययन गर्न चाहनेहरुका लागि नेपाली सेनाले रु. पन्ध्र लाखसम्मको कर्जा उपलब्ध गराउने भएको छ । अवकाशप्राप्त सैनिक परिवारको हितमा पीजेटिए, भीजेटिए तालिमका लागि मौका प्रदान गरेको छ । जसले गर्दा युवा जनशक्तिलाई कृषि तथा पशुपालनमा आकर्षित गराउने देखिन्छ । स्वरोजगार उद्यमशील बन्न चाहनेहरुका लागि नेपाली सेनाले नेपाल इन्भेष्टमेण्ट बैंकको सहकार्यमा प्रतिव्यक्ति रु.पन्ध्र लाखसम्मको ऋण प्रवाह गरिने भएको छ । सहुलियतपूर्ण आवास कर्जालाई पनि मध्यनजर राखिएको छ । सैनिक कल्याणकारी कोषबाट सञ्चालित विद्यालयहरु एक कक्षादेखि स्नातक तहसम्म अध्ययन गर्दै आएकोमा अब सेनाले आफ्ना विद्यालयहरुमा मण्टेश्वरी कक्षा पनि सञ्चालन गर्ने नीति अघि सारेको छ । श्वेततारा मण्टेश्वरी विद्यालय, छाउनी, काठमाडौंबाट २०७७ फागुन ७ गतेदेखि शुरुवात गरिएको छ । कोरोना भाइरसका

कारण शैक्षिक प्रतिष्ठानहरुमा पठनपाठन अवरुद्ध भएपछि अनलाइन कक्षा सञ्चालन गरेर नेपाली सेनाले आफूलाई प्रविधिमा अग्रणी सावित गरेको थियो । सैनिक महाविद्यालयहरुबाट बाह्र कक्षा उत्तीर्ण गर्ने जेहेन्दार विद्यार्थीहरुका लागि उच्च शिक्षा भर्ना गर्न तयारी कक्षालाई निरन्तरता दिइरहेको देखिन्छ (सिपाही, २०७४, पृ.१०८-११०) । प्रथम विश्वयुद्धपछि नेपालमा त्रि-चन्द्र सैनिक अस्पताल मात्र थियो । पछि छाउनीमा वीरेन्द्र सैनिक अस्पताल स्थापना भएपछि अब यसको बिस्तार हुने क्रम बढेको छ । सेनाले गोसााइकुण्ड लगायतका अनेक जात्रा र पर्वहरुमा स्वास्थ्य शिविर खोलेर जनताको सेवा गर्दै आएको छ । दैवी प्रकोपका समयमा पनि सेनाले निःस्वार्थ भावले देश र जनताको सेवा गर्दै आएको छ । गम्भीर प्रकृतिको रोग लागेमा बहालवाला र अवकाशप्राप्त सैन्य व्यक्तिका परिवार हरुका लागि अन्यत्र अस्पतालहरुमा उपचारका लागि रु.दश लाखसम्मको आर्थिक सहयोग सैनिक कल्याणकारी कोषले सहयोग गर्दछ । यस्ता सेवाहरु प्रदेशस्तरमा विकेन्द्रित भएर गयो भने शिक्षाको अभिन्न अङ्गको रुपमा रहेको स्वास्थ्यमा नागरिकको पहुँच बढेर जानेछ । कल्याणकारी कोषले सेवाका चार आधारहरु अर्थात् "४ स" को सिद्धान्त अघि सारेको छ । स्वास्थ्य, शिक्षा, सीप तथा स्वरोजगार र सुविधा तथा सहुलियततर्फ आधार मानी सोही अनुरुप योजनावद्ध रुपमा काम गर्दै आएको छ । अवकाशप्राप्त तथा बहालवाला सबै सैनिक र तिनीहरुका आश्रित परिवारको मन जित्न नेपाली सेनाका यस खालका कार्यक्रमहरुले सार्थकता प्राप्त गर्दै गएको देखिन्छ ।

**असल शिक्षा र देशभक्तिको पाठ**

"शिक्षा गुरुणां गुरु" (नीतिशास्त्र) अर्थात् शिक्षा गुरुको पनि गुरु हो । जसका अभिभावकले आफ्ना बालबालिकालाई शिक्षा दिँदैनन्, तिनीहरु शत्रु र वैरी बराबर हुन्छन् । "विद्या ददाति विनयम् अर्थात् शिक्षाले विनय -नम्रता) प्रदान गर्दछ । नपढेका मानिसहरु सभाहरुमा बकुल्लो जस्तै हुन्छन् । शिक्षा त्यस्तो विषय हो, जो भाइ अंश अर्थात् कसैलाई पनि अंशबण्डा लाग्दैन । शिक्षा प्राप्त गरेपछि विद्वान् कहलिन्छ । त्यो विद्वान् सबैको पूजनीय हुन्छ । "स्वदेशे पूज्यते राजन्, विद्वान् सर्वत्र पूज्यते ।" वैदिक कालदेखि धेरै पछिसम्म गुरुकूल शिक्षा थियो । त्यो गुरुकूल शिक्षा अहिले आवासीय विद्यालयमा परिणत भएको छ । पहिलेको शिक्षा संस्कृत थियो । वेद, पुराण, ग्रन्थ पढाइन्थ्यो । अहिले त्यो लोप भएर अङ्ग्रेजीमा पठन पाठन हुने गरेको छ । समय परिवर्तनसँगै औपचारिक पठनपाठन तथा सिकाइका क्रियाकलापहरु बदलिएका छन् । पौराणिक शिक्षामा भेद थिएन । सबै जातजातिले वेद पढ्दथे । पछि मुगलकाल हुँदै अङ्ग्रेजकालपछि पठनपाठनको माध्यम संस्कृत मात्र नभएर अन्य भाषाहरु पनि हुँदै गए । मातृ शिक्षा प्रधान भएका बेला नारीहरु विदूषी थिए । त्यो पनि हराएर गएको छ । पश्चिमी शिक्षाले आफ्नो मौलिक परम्परा खुम्चिँदै गएको छ । कुनै भाषा, विषय वा कला सिक्ने वा सिकाउने काम वा क्रिया शिक्षा हो । कुनै पनि विषयको उपदेश वा सल्लाह तथा गुरुसँग सिकिने पाठ शिक्षा हो । वैदिक शिक्षाग्रन्थमध्ये ऋग्वेदको पाणिनीय शिक्षा, कृष्ण यजुर्वेदको व्यासशिक्षा, शुक्ल यजुर्वेदको याज्ञवल्क्य शिक्षाग्रन्थ, सामवेदको गौतमी, लोमशी, नारदीय शिक्षाग्रन्थ र अथर्ववेदको माण्डूकी शिक्षा उपलब्ध छ (पाण्डेय, २०५७, पृ.१२७७) । मातृभाषामा माताको अर्ति उपदेश सुन्ने, पृथु, ध्रुव, प्रल्हाद, हरिश्चन्द्र, राम-लक्ष्मण, सीता, सावित्री, आत्रेयी, मैत्रेयी, गार्गी, विदुला, दमयन्ती, सुकन्या, भृकुटी, भीष्म, विदुर, पाण्डव, प्रताप, शिवा, पृथ्वीनारायण, अमर आदि सपुतहरु संसारमा अमर छन् । आमाको अर्ति नमान्ने, नसुन्ने उदण्ड बेन, हिरण्यकश्यपु, राबण, दुश्शला, हिरण्याक्ष, कुम्भकर्ण, शूर्पणखा, पुतना, कंश, शिशुपाल, दुर्योधन, दुश्शासन जस्ता खेर जान्छन् । आमा र मामाको अर्ति मानेकाले पृथ्वीनारायण अमर भए, राष्ट्रनिर्माता बने (नरहरिनाथ, २०४९, पृ.२५०) ।

परम्परागत शिक्षा गुरुकूल जहिंकहीं पनि थियो । पहिलो पाठशाला आमा हुन् । आफ्नो मातृभाषामा उनैले पितृदेवो भवः । मातृदेवो भवः । पिता ईश्वर र आमा ईश्वरी हुन् भनेर उनैले सिकाउँछिन् । आजका बालबालिकाहरु भोलिका दिनमा माता पिता हुन्छन् । अङ्ग्रेजी भाषामा पनि संस्कृतकरण गर्न सकिन्छ । जर्मनी, संयुक्त अधिराज्य, संयुक्त राज्य अमेरिकाका विश्वविद्यालयहरुमा संस्कृत भाषामा पठनपाठन हुन्छ । परम्परालाई

जोगाउँदै शिक्षाको ज्योति फैलाउनुमा नै राष्ट्रको उन्नति हुन्छ । विश्व चिनाउने शिक्षा र विद्वत्ताले हो । एक्काइसौं शताब्दीको युग अङ्ग्रेजी भाषाको भएपनि संस्कृतका ऋचाहरुलाई अङ्ग्रेजीमा अनुवाद गरेर पढाउन सकिन्छ । यसो गर्न सकियो भने अंग्रेजी र संस्कृत एकसाथ विकास हुनेछ । परम्परा, संस्कृत र संस्कृति लोप हुनबाट बच्नेछ । नीतिशास्त्रले आचार्यदेवो भवः अर्थात् विद्वानहरु देवता सरह हुन्छन् भनेको छ । कर्मकाण्डीहरु जो आचार्य छैनन्, ती देवता होइनन् । पुरोहित कर्मकाण्डी हुन्, देवता हुन सक्दैनन् । आचार्य गरेको जुनसुकै जात वा वर्णका किन नहुन्, ती सबै देवता कहलिन्छन् । अहिले जस्तो सर्वत्र औपचारिक विद्यालय, उच्च शिक्षालय नभएका बेला घर तथा मेलापातहरुमा आमाबाबुबाट सुनेर, घोकेर विद्या आर्जन हुन्थ्यो । दुर्गा कबच, चण्डी, रुद्री, वेदादि कण्ठस्थ हुन्थ्यो । तत्कालीन समाज वा राज्य प्रणालीमा औपचारिक शैक्षिक प्रमाणपत्रको आवश्यकता थिएन । नेपालमा २००७ सालको परिवर्तनपछि प्रौढ शिक्षालाई उच्च प्राथमिकतामा राखियो । चार वर्षमा एस्एल्सी हुने प्रावधान थियो । अहिले शिक्षा व्यापारको विषय भएको छ । निजी विद्यालयहरु नाफामुखी भएका छन् । सरकारी विद्यालयहरु भन्दा निजी विद्यालयहरु फस्टाएका छन् । बालबालिकाहरुले अङ्ग्रेजी भाषा बोल्न थालेपछि शैक्षिक गुणस्तर वृद्धि भएको ढोल पिट्दै हिंड्न थालिएको छ । यसैले आम अभिभावकहरुको आकर्षण सरकारी विद्यालयभन्दा निजी विद्यालयहरुतर्फ बढेको छ । "शिक्षा विकारे सकल विकारे, शिक्षा सुधारे सकल सुधारे" अर्थात् शिक्षा बिग्रिए सबै बिग्रिन्छ, शिक्षा सुध्रिए सबै सुध्रिन्छ । विकासको मूल फुटाउने कुरा होस् कि समृद्ध नेपाल निर्माणको कुरा होस्, त्यो विकास वा समृद्धिमा पुग्न शिक्षाको सुधार हुनु जरुरी छ । युग सुहाउँदो प्राविधिक र रोजगारमूलक शिक्षामा राज्यले जोड दिनुपर्दछ । असल शिक्षाले नै देशभक्तिको पाठ सिकाउँछ । देशभक्ति स्वाभिमानको पहिचान हो ।

जीवनचर्या र माता-पिता पहिलो पाठशाला हुन् । तिनै पाठशालाहरुले कुनै पनि जगत र प्राणीलाई उज्ज्वल गराइरहेका हुन्छन् । पिता, माता, आचार्य र राष्ट्राध्यक्षलाई देवता मान भन्ने संस्कृति बचाउन सक्दा नै असल शिक्षा ग्रहण गर्न सकिन्छ । पौराणिक शिक्षा सबैले मनन गर्नैपर्छ । यस खालको शिक्षाले अनुशासित र सुसंस्कृत बनाउँछ । चराचुरुङ्गीहरुले आफ्ना माता पिताबाट आफ्नो गुँड बनाउने, चारा खाने र बाँच्ने कला सिक्दछन् । मानव जातिले पिता, माता, आचार्य र राष्ट्राध्यक्षको राम्रा ज्ञान वा आदेश पालना गरेमा चराचुरुङ्गीले जस्तै जीवनको सफलताको चुचुरोमा पुग्दछन् । सैनिक होस् वा अन्य जुनसुकै फौजमा रहेकाहरुले आचार्य अर्थात् ओस्ताजहरुले सिकाएका प्रत्येक शिक्षा र कासनहरुलाई शीरोधार्य गरेमा कुनै पनि सङ्कटबाट मुक्त हुन सकिन्छ । यस्तो शिक्षा प्राकृतिक र परम्परागत दुवै हुन सक्छ । शिक्षा माकुराबाट पनि सिक्न सकिन्छ । जाल बुन्ने क्रममा माकुरा धेरैचोटी तल झर्छ । तर पनि ऊ हिम्मत हार्दैन र जाल बुन्न सफल हुन्छ । हिम्मत नहारेर प्रयास जारी राखियो भने असफलता पनि सफलतामा परिणत हुन्छ । यस्तो शिक्षा सेनाले मात्रै होइन, सबैले ग्रहण गर्नुपर्छ । असल शिक्षाले जीवन उत्सर्गमा पुऱ्याउँछ (गीता प्रेस, २०१०, पृ.४४) ।

## चुनौती र अवसर

शिक्षा मानिसको भित्री आँखा भएकोले संसार देखाउँछ । पढेलेखेका मानिसले नै भूगोल, इतिहास र परम्परा जानेका हुन्छन् । ठूलो देशभक्ति इतिहास, पुराण र धर्मग्रन्थहरुले सिकाउँछ । सैनिक तालिममा वृत्तिविकासका लागि सबै तहका सैनिकहरुलाई योग्यता अनुसारको अवसर दिनुपर्दछ । शिक्षाका बारेमा चर्चा गर्दा आफ्नो मूललाई कसैगरी पनि बिर्सनु हुँदैन । मूल सँधैं सङ्लो राख्नुपर्छ । मूलमा विकृति पस्नु भनेको धमिलो हुनु हो । मुलुकलाई धमिलो बनाएर विधर्मी, विजाति र शत्रु पक्षहरु विनाश गर्नतिर लाग्दछन् । त्यो हुन नदिन "ॐ वयं राष्ट्रे जागृयाम पुरोहिताः" (यजुर्वेदको, ९.२३) हामीहरु सदा जागौं राष्ट्रमा राष्ट्र भक्तिले अगुवा हौं हित गरौं सबैका सङ्घ शक्तिले भनेर सबैलाई शिक्षा दिएको छ । शिक्षाका अनेक रुप र विभाग छन् । ती सबैको निचोड नैतिक शिक्षा नै हो । नैतिक शिक्षाले सबैको भविष्य उज्ज्वल गराउँछ । नैतिक शिक्षा सबैका लीग कल्याणकारी शिक्षा हो । यो जीवनको पथमार्ग हो । नैतिक शिक्षाको अभ्यास सबैले गर्नुपर्दछ । नेपाली सेना राष्ट्रको महत्त्वपूर्ण अङ्ग हो । सेनाले सञ्चालन गरेको

शैक्षिक प्रतिष्ठानहरुमा सरकारले अनुदान र शिक्षक तथा कर्मचारीहरु उपलब्ध गराउनुपर्दछ । सेनामा भर्ती भएका विद्यालय शिक्षा पूरा नगरेका जनशक्तिलाई शैक्षिक उन्नति गर्नेतर्फ ठोस योजना र कार्यक्रमहरु ल्याउनु पर्दछ । सेनाले सञ्चालन गरेका शैक्षिक प्रतिष्ठानहरुमा प्राथमिक तहदेखि नै संस्कृत लगायतका भाषामा पनि पठन पाठनको अवसर दिनुपर्दछ । ज्योतिषी, कर्मकाण्डमा जानकार हुन संस्कृत भाषाले ठूलो सघाउ पुऱ्याउँछ । उच्च शिक्षासम्म यस्तो अवसर दिनुपर्दछ । विभिन्न अवसरहरुले गर्दा उच्च शैक्षिक जनशक्ति सैनिक भर्ना छनौटमा प्रतिस्पर्धामा भाग लिएका छन् । सेनाका सकलदर्जाका लागि अध्ययन गर्ने प्रेरणा दिनुपर्ने हुन्छ । प्राइभेट परीक्षा तथा खुला शिक्षाबाट पनि सैनिक सकलदर्जा लाभान्वित भैरहेका हुन्छन् ।

शिक्षा सम्बन्धी केही वेदवाणीहरु:

१. उप सर्प मातरं भूमिम् (ऋग्वेद, १०।१८।१०) । मातृभूमिको सेवा गरौं ।
२. भद्रं कर्णेभिः श्रृणुयाम -यजुर्वेद, २५।२१) । हामी कानले भद्र- मङ्गलकारी बचन सुनौं ।
३. मित्रस्य चक्षुषा समीक्षामहे -यजुर्वेद, ३६।१८) । हामी सबैले सबैलाई मित्रका दृष्टिले हेरौं ।
४. मन्त्र श्रुत्यं चरामसि (सामवेद, १७६) । वेदमन्त्रमा जे भनिएको छ, त्यही हामी गर्छौं ।
५. मधुमतीं वाचमुदेयम् (अथर्ववेद, १६।२।२) । म मीठो वाणी बोलुँ ।
६. परैतु मृत्युरमृतं न ऐतु -अथर्ववेद, १८।३।६२) । मृत्यु हामीदेखि दूर होस् । अमृत पद हामीहरुलाई प्राप्त होस् ।
७. कृधि नो यशसो जने (सामवेद, ४७९) । हामीलाई आफ्नो देशमा यशस्वी बनाउनु होस् ।

*(गीता प्रेस, वि.सं. २०६२, पृ.९)*

शुक्ल यजुर्वेदको सप्तदशोऽध्यायःको ३३ मन्त्रदेखि ५३ मन्त्रसम्म सेनापतिको कर्तव्यको बारेमा लेखिएको छ । शुक्ल यजुर्वेदको विंशोध्यायमा राजधर्मको वर्णन, उपदेशकहरुको कर्तव्य, उपास्य पुरुषको निरुपण, विद्वानहरुको गुण र स्वभाव, विद्वान र वैद्य (डाक्टर) को कर्तव्य, विद्वानको कर्तव्य, राजधर्म सम्बन्धी उपदेश, अध्यापक र उपदेशकको कर्तव्यबारे चर्चा गरिएको छ । सेनाले आफ्ना कासनहरुमा यी मन्त्रहरुलाई उच्च प्राथमिकता दिनुपर्दछ । यसले सेनालाई थप उर्जाशील बनाउँछ । शिक्षा सैनिक तथा नागरिकका सन्ततिहरुलाई मात्र होइन, अभिभावकहरुका लागि पनि अति नै आवश्यक हुन्छ । शिक्षा कहिल्यै टुङ्गिदैन । जीवनभर शिक्षा, अनुभव र सीपले व्यक्ति तिखारिरहन्छ । मनुस्मृति, चाणक्य नीति अध्ययन गर्नाले जीवन र राष्ट्र सवल हुन जान्छ । अठारै पुराणका सारहरु अनुकूल समय पारेर बेला बेलामा सुन्ने सुनाउने कार्यलाई निरन्तरता दिन सके शिक्षाको ज्योति प्रत्येक व्यक्तिमा पुग्दछ । यसले राष्ट्रलाई नै झलमल्ल बनाउँछ । महाभारत र रामायण मात्र होइन प्रत्येक धर्मका ग्रन्थहरुमा उल्लेखित सकारात्मक पक्षहरुले जीवनको मार्गमा सहज तुल्याउँछ । यो सेनाका लागि मात्रै होइन, मानव जीवनका लागि सबै इतिहास, धर्मग्रन्थ, भूगोल जान्न जरुरी छ । शिक्षा औपचारिक प्रमाणपत्र मात्र होइन, अनौपचारिक शिक्षा र अनुभवले पनि व्यक्तित्व विकासमा भरपूर बल प्रदान गरिरहेको हुन्छ । शिक्षाको ज्योतिले अन्धकार नाश गरी उज्यालोतर्फ डोऱ्याउँछ । नेपाली सेनाले आफ्ना सकलदर्जालाई शिक्षाले तिखारी राख्नुपर्छ । यसका अलावा नागरिकसागको सम्बन्ध अरु कसिलो बनाउन सर्वसाधारणका लागि पनि सेनाले सबैखालका शिक्षाहरुमा ढोका खोल्नु पर्दछ । यसले राष्ट्रको समग्र पक्षलाई मजबुत गर्दछ ।

नेपाली सेनाले वेद, पुराण, इतिहास, भूगोल, रामायण, महाभारत र अनेक नीति शिक्षाहरु पूर्वजहरुबाट ग्रहण गर्दै आएको छ । नेपाली सेना माहुरी जस्तै परिश्रमी छ । आफ्नो रानो राष्ट्राध्यक्ष र महारथीको रक्षा माहुरीहरुले जस्तै गर्दै आएको छ । आपद् विपद्मा अरिङ्गालको रुप धारण गर्न पनि नेपाली सेनाले जानेको छ । विभिन्न चराचुरुङ्गीले आफ्नो गुँड आफैं बनाए जस्तै आफ्नो बासस्थान पनि सेना आफैंले बनाउने गरेको छ । पराक्रमी सेनालाई सबै किसिमको स्रोत र साधनले भरिपूर्ण गराउन सके समाज र राष्ट्रकल्याणका लागि सेनाले सञ्चलन

गरेको शैक्षिक प्रतिष्ठान अघि बढ्न प्रेरित हुने देखिन्छ। शिक्षाविकारे सकलोविकारे। शिक्षासुधारे सकलोसुधारे (नरहरिनाथ, २०४९, पृ.२२३) अर्थात् शिक्षाका विकारले सबै बिग्रिन्छ, शिक्षाको सुधारले सबै सुधिन्छ। यसबाट के बुझ्नुपर्छ भने सेना भनेको राष्ट्रको जग हो, खम्बा हो। यसमा कुनै प्रकारको विकार आउन र पस्न दिनु हुँदैन। राष्ट्रको विकास र समृद्धि हुनु भनेको सैन्य जगत सुशिक्षित हुनु पनि हो। पढाइका अनेक शाखा छन्। आवश्यकता अनुसार ती सबै शाखा चालू गर्नुपर्दछ। सैनिक शैक्षिक प्रतिष्ठानहरुमा सरकारको तर्फबाट बजेट विनियोजन गर्दा यसले घ्यू पोखियो कहाँ ? दालमा भन्ने उखानलाई मूर्त रुप दिन्छ। शिक्षामा गरेको लगानी खेर जाँदैन। यसले प्रतिफल दिन्छ। मातृभाषामा शिक्षा दिइनुपर्दछ। गोर्खाले गोर्खा (नेपाली) भाषामा गोर्खाली आमाबाट शिक्षा पाउँछ। जसरी पाण्डवहरुले माता कुन्तीबाट पाएका थिए। शिवाजीले माता जिजाबाईबाट पाएका थिए। पृथ्वीनारायण शाहले आमा चन्द्रप्रभाबाट पाएका थिए। जसरी नाहर केहर अभिमान धौकलले आमा शूरप्रभाबाट शिक्षा पाएका थिए, ठिक त्यसैगरी गोर्खाली सन्ततिले चन्द्रसूर्य पृथिवी रहेसम्म वीरप्रसू आमाको शिक्षा आमाकै भाषामा पाउनुपर्छ।

श्रीदुर्गा खुकुरी लिएर बलियो चम्काउँदै हातमा।
गोर्खा वीर भए समग्र जगमा दिन्मा तथा रातमा॥
गाई धर्म धरा अनाथहरुको रक्षा गरी क्षात्रता।
राखे वेद विधानले सकलको पाएर सत्पात्रता॥
गोर्खा सैनिक कोटमा कटकमा कैलासका कूटमा।
गङ्गाका तटमा हिमाल मुकुटमा राष्ट्रध्वजा भोटमा॥
हल्ली हल्लि बतासले विजयका बाजासितै तालमा।
लम्क्यो लम्किरहोस् सदा अटल होस् शार्दूलका चालमा॥

*(नरहरिनाथ, २०४९, पृ.२४९)।*

नेपाली सेनाको आत्मबल बढाउन कल्याणकारी कोषमा वर्षेनी सरकारले थप अनुदान दिने हिम्मतका साथ नयाँ परिपाटी सुरु गर्नुपर्छ। प्रत्येक वर्ष कल्याणकारी कोषमा सेनाका तर्फबाट जति रकम जम्मा हुन्छ, त्यो बराबरको रकम अनिवार्य रुपमा सरकारले पनि जम्मा गर्न सकेको खण्डमा सेनामा नयाँ जोश र उर्जा थपिने छ। सेना बलियो भयो भने मात्रै देश बलियो हुन्छ भन्ने भावना सरकारमा जागृत हुनुपर्दछ। खबर तथा प्रणालीको सुरक्षा, सूचना प्रविधि प्रणालीको कार्यान्वयन, प्राविधिक सीमितता, सीमित स्रोत साधन र सेनाका लागि देखिएका जल्दाबल्दा चुनौतीहरु हुन्। यी चुनौतीहरु पार गर्दै जाँदा शैक्षिक उन्नयनमा नेपाली सेना अघि बढ्न थप हौसला प्राप्त हुने देखिन्छ। सुरक्षाफौजका लागि अलग्गै दूरसञ्चार नेटवर्क दिनुपर्ने हुन्छ। यसो भएमा सुरक्षाफौजको गोपनीयता सुरक्षित रहन्छ। कुनै पनि राष्ट्रका लागि यस्तो गोपनीयता अपरिहार्य हुन जान्छ। यस विषयमा सरकारको ध्यान आकृष्ट भई कार्यान्वयन हुन कतिपनि ढिलाइ गर्नु हुँदैन। नेपाली सेनामा प्रधान सेनापति कमाण्ड मार्ग निर्देशनले पनि नयाँ मोड लिएको छ। विगतका वर्षहरुमा भनसुन र निकटताका भरमा संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा जाने पदिक, बिल्लादार तथा अन्य दर्जाका हकमा नयाँ नियम र मापदण्ड तयार भएपछि सकलदर्जा प्रशन्न भएका छन्। निष्पक्ष र पारदर्शिता हुने परिपाटीले सैनिक बलमा उर्जा थपिएको छ। शान्ति मिसनमा भाग लिंदा पारिवारिक रुपमा आर्थिक अवस्था मजबुत हुन जाँदा यसले उनीहरुका सन्ततिलाई शैक्षिक कार्यक्रममा भाग लिन र सीप सिक्न भरथेग हुने गरेको छ। नेपाली सेना डिजिटल युगमा प्रवेश गर्ने जमर्को गर्दैछ।

**निष्कर्ष र सुझावहरु**

शिक्षाका सबै तहमा गुणस्तर अभिवृद्धि गर्ने, शिक्षालाई व्यवसायिक तथा रोजगारीमूलक बनाउने, सबै तहको शिक्षालाई समतामूलक र समावेशी बनाउने, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमलाई आमनागरिकको

पहुँचसम्म पुऱ्याउने, शिक्षकहरूको माग र आपूर्तिबीच सन्तुलन कायम गर्ने, लगानी अनुरूपको प्रतिफल सुनिश्चित गर्ने, संविधान तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, महासन्धि एवं प्रतिज्ञापत्रहरुमा उल्लेख गरिएका शिक्षा सम्बन्धी हकहरूको उपभोग गर्ने साथै समग्र शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुधार गरी सुशासनको प्रत्याभूति गर्नु आवश्यक हुन्छ । यो काम सरकार एक्लैले गर्न असम्भव हुने भएकाले निजी क्षेत्रलाई पनि शैक्षिक प्रतिष्ठानहरु सञ्चालन गर्ने अनुमति दिइएको हो । राज्यको महत्त्वपूर्ण तथा संवेदनशील निकाय नेपाली सेना विशुद्ध सेवाभावको उद्देश्य लिएर गुणस्तरीय शिक्षा प्रदान गर्न कम्मर कसेर लागेको छ, यो प्रशंसायोग्य छ । शिक्षा भनेको औपचारिक रुपमा लेख्ने, पढ्ने वा अध्ययन गर्ने मात्रै होइन । बाउन्न ठक्कर त्रिपन्न घुस्सापछि मात्रै शिक्षा प्राप्त हुन्छ भनेर पूर्वजहरुले त्यसै भनेका छैनन् । अनुभवले पनि व्यक्तिलाई निर्णय क्षमता र व्यक्तित्व विकासमा मद्दत पुऱ्याउँदछ । यसको अर्थ कठोर तपस्या र मेहनतपछि मात्रै व्यक्ति खारिन्छ भन्ने हो । अर्ति सुन्नु बुढाको र आगो ताप्नु मुडाको भन्ने उखान नै छ । कुनै पनि मुलुकको विकास र प्रगतिको पहिलो आधार भनेकै शिक्षा हो । असल शिक्षा ग्रहण भएको खण्डमा व्यक्ति, परिवार, समाज हुँदै राष्ट्रको मुहार नै फेरिन्छ ।

प्रत्येक व्यक्तिको जीवन र राष्ट्रसँग गाँसिएको शिक्षा पूर्वजहरुको ज्ञान र अनुभव समेत मिसिएको हुन्छ । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा राष्ट्रका लागि ठूलो मार्गप्रशस्त गरेका छन् । सेनाको जन्मकालदेखि हालसम्मका विभिन्न तहका सकलदर्जाहरुको अर्ति, उपदेश र अनुभवहरु पनि राष्ट्रकै लागि समर्पित हुन्छन् । राम्रा अर्ति, उपदेशहरु कसैले पनि भुल्नु हुँदैन, ग्रहण गर्नुपर्दछ । अनेक कालखण्डमा सेनाले अकल्पनीय मार पनि खाएको छ । कोतपर्वमा होस् वा भण्डारखाल पर्व वा अलौ पर्वमा सेनाहरु बलि चढेका छन् । टिष्टा, काङ्गडा र गङ्गाको तटसम्म मात्रै होइन, तिब्बत पनि आफ्नो कब्जामा लिन सक्ने नेपाली फौज सुगौली सन्धिबाट खुम्चिन पुगेपछि राम्रै शिक्षा प्राप्त गरेको हुनुपर्छ । असल, ज्ञानीगुनी, देशभक्त, नैतिकवान जनशक्ति निर्माण गर्ने कार्यमा नेपाली सेना होमिएको छ । यो विशुद्ध सेवाभाव हो । शैक्षिक प्रतिष्ठानहरु सञ्चालन गरेर सेनाले नाफा कमाउने उद्देश्य कत्ति पनि लिएको छैन । यदि नेपाली सेना सेवाभाव त्यागेर व्यापार व्यवसायमा होमिन पुग्दछ भने त्यतिबेला यसले सिङ्गो सङ्गठनमा आघात पुग्छ । त्यसैगरी राष्ट्र र राष्ट्रियता पनि कमजोर हुन जान्छ । सेना यसतर्फ सतर्क, जागरुक र संवेदनशील हुनु जरुरी देखिन्छ ।

**सन्दर्भसामग्री**

अधिकारी, बाबुराम, (२०७४), *विद्यालय शिक्षा र आगामी बाटो,* राजधानी दैनिक, काठमाडौं ।

अधिकारी, शान्तिकृष्ण, (२०७४), *समस्यामा रुमल्लिएको विद्यालय शिक्षा,* काठमाडौं, http://www.gorkhapatraonline.com/news/4240

अर्थ मन्त्रालय, (२०७४), *आर्थिक सर्वेक्षण आ.व. २०७३/७४,* काठमाडौं : नेपाल सरकार ।

... (२०७४), *आ.व. २०७३/७४ को मन्त्रालयगत प्रगति विवरण,* काठमाडौं ।

आचार्य, बालकृष्ण, (२०१७), *अमरकोष,* वाराणसी ।

*कारोवार दैनिक,* (२०७४), शैक्षिक गुणस्तरको बहस मात्रै, काठमाडौं ।

गीता प्रेस, (२०१०), *कल्याण जीवनचर्या,* गोरखपुर ।

... (२०६२), *वेद कथा,* गोरखपुर ।

*गोरखापत्र,* (२०७०), १० वर्षमा ९ लाख विद्यार्थी गायब, काठमाडौं : गोरखापत्र संस्थान ।

थपलिया, तुलसीप्रसाद, (२०७३), *शैक्षिक सूचना,* काठमाडौं : शिक्षा मन्त्रालय ।

नरहरिनाथ, योगी, (२०४९), *ऐतिहासिक शिखरिणी यात्रा,* काठमाडौं ।

प्रपन्नाचार्य, स्वामी, (२०५७), *वेदमा के छ ?,* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, रुद्रराज, (२०११), *नेपाल राष्ट्रिय शिक्षा आयोगको विवरण,* काठमाडौं : कलेज अफ एजुकेशन ।

सौर्य दैनिक, (२०७४), *शैक्षिक अधिकार र नेपाल,* काठमाडौं ।

पाण्डेय, फणीन्द्रप्रसाद, (२०५७), *संस्कृत नेपाली बृहत् शब्दकोष,* दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।

राष्ट्रिय शिक्षा आयोग, (२०४९), *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं ।

शिक्षा मन्त्रालय, (२०७३), *विद्यालय क्षेत्र विकास योजना वि.सं. २०७३/०७४–२०७९/०८० (सन् २०१६/०१७–२०२२/०२३),* काठमाडौं ।

शिक्षा मन्त्रालय, (२०१८), *सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट,* काठमाडौं ।

शिक्षा विभाग, (२०६७), *गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप,* भक्तपुर ।

UNDP. (2022). *HUMAN DEVELOPMENT REPORT 2021-22.* HTTPS://HDR.UNDP.ORG/CONTENT/HUMAN-DEVELOPMENT-REPORT-2021-22.

UNDP. (2022). *Nepal moves up one place in human development, ranks 143rd.* https://www.undp.org/nepal/press-releases/nepal-moves-one-place-human-development-ranks-143rd#:~:text=September%2012%2C%202022&text=While%20Nepal%20improved%20its%20ranking,by%20the%20COVID%2D19%20pandemic.

-◆◆◆-